# सिमकोट गाउँपालिका

गाउँ कार्य पालिकाको कार्यालय

सिमकोट, हुम्ला

कर्णाली प्रदेश,नेपाल

# आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

मिति : २०८२।०३।१०

**सिमकोट गाउँपालिकाको ११ औ गाउँ सभाका विशेष आमन्त्रित जिल्ला समन्वय समिति हुम्लाका प्रमुख श्री शिवराज शर्मा ज्यू, गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारी मित्रहरु, गाउँबासी आमा, बुबा, दिदी, बहिनी, दाजु, भाइ, पत्रकार मित्रहरु र उपस्थित सम्पूर्ण महानुभावहरु,**

१. सर्वप्रथम, सिमकोट गाउँपालिकाको गाउँ सभाको ११ औं गाँउ सभामा हार्दिक स्वागत गर्दछु। स्थानीय तहको दोस्रो निर्वाचन (२०७९) पश्चात जनअनुमोदित भएको चौथो वर्षको यस सम्मानित गाउँसभा समक्ष आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ।

२. म यस गाउँ सभाको महत्वपूर्ण घडीमा इतिहासका विभिन्न कालखण्डमा भएका लोकतान्त्रिक आन्दोलन, जनआन्दोलन र जनयुद्धहरुमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्नुका साथै सहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु। मुलुकको सार्वभौमिकता, स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिका लागि संघर्ष गर्नुहुने नेपाली नागरिक र नेतृत्व गर्नुहुने आदरणीय अग्रज व्यक्तित्वहरु प्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्दछु।

३. नेपालको संवैधानिक प्रावधान बमोजिम सार्वभौम सत्ता जनताको चयन मार्फत निर्वाचित प्रतिनिधिबाट गठन भएको गाउँपालिका, गाउँबासीहरुको आधारभूत हक तथा अधिकार प्रति सचेत रहदै सिमकोट गाउँपालिका **"उच्च हिमाली, विविधतायुक्त, व्यापारिक र पर्यटकीय सहर:समृद्ध हाम्रो सिमकोट नगर"**बनाउने दीर्घकालीन सोच, नेपाल सरकारको १६ औं पन्चवर्षिय योजना, दिगो विकासका लक्ष्य, संघ र प्रदेश सरकारको बजेट तथा प्राथमिकता र गाउँबासीका आधारभूत आवश्यकता पुरा गर्ने अभियान प्रति पूर्ण प्रतिबद्ध छौं।

४. सिमित स्रोत साधनलाई समुचित वितरण र अधिकतम प्रयोगबाट नागरिकको विकास र परिवर्तनको चाहानालाई अधिकतम सम्बोधन गर्न, उल्लेख्य जनसहभागीता, सामूहिक हित, समन्वय र सहकार्य र साझेदारी मार्फत विकास, समृद्धिको स्थानीय लक्ष्य हाँसील गर्ने र स्थानीय सरकार गाउँबासीका आशा भरोसा र विश्वासलाई जोड्ने महत्पूर्ण औजारका रुपमा रहनुपर्छ भन्ने कुरामा म विशेष सचेत र सतर्क छु।

**उपस्थित महानुभावहरु,**

**यस सम्मानित गाँउ सभा समक्ष अब म चालु आ.व २०८१।८२ मा भए गरेका उल्लेख्य महत्वपूर्ण उपलब्धीहरुलाई नागरिक समक्ष जानकारी गराउन स्थानीय सरकारको दायित्व हो भन्ने ठानेको छु। तसर्थ, यस सम्मानित सभा समक्ष चालु आ.व मा सम्पन्न भएका मुख्य क्षेत्रगत कार्यक्रमहरुको उपलब्धीहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।**

५. यस आ.व.२०८१।८२ मा १३४ वटा आयोजनाहरु दर्ता भएका छन, जसमा १०० वटा सम्झौता भएका छन, ३५ वटा आयोजनाहरु सम्पन्न भएका छन २९ वटा आयोजनाहरुको पेश्की निकासा कार्य भएको छ।

६. यस आ.व.मा सिमकोट गाउँपालिकाबाट ३९९१ वटा पशुको मेडिकल उपचार, ५७३६ वटा पशुको परजीवि नियन्त्रण,२० वटाको वन्ध्याकरण, १४ वटा चौरी वितरण, २०० डोज रेबिज भ्याक्सिन र ९००० वटा भेडा बाख्रालाई खोप प्रदान गरिएको छ।

७. यस आ.व.मा जम्मा ४९५ जनाको जन्म दर्ता, ८९ जनाको मृत्यु दर्ता, ११२ वटा विवाह दर्ता, २७ जनाको बसाइ सराई र २ वटा सम्बन्ध बिच्छेद गरी जम्मा ७२५ वटा अनलाईन घटना दर्ता कार्य सम्पन्न भएको छ। साथै, ७०७ जना अन्य जेष्ठ नागरिक, ११९ जना अति असक्त अपागं, २८ जना असहाय एकल महिला, ६७ जना पूर्ण अपागं, १९१ जना विधवा महिला, ५१७ जना जेष्ठ नागरिक, १२६१ जना बालबालिका गरि जम्मा २८९१ जनालाई सामाजिक सुरक्षाभत्ता EFT प्रणालीबाट सामाजिक सुरक्षा भत्ता रकम रु ५ करोड,२९ लाख,६ हजार ,६ सय ८० भुक्तानी भएको छ।

८. महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाबाट जम्मा ५०३ जनाको छोरी खाता खोलिएकोमा यस आ.व मा ५५ जनाको छोरी खाता सञ्चालन गरिएको छ, ४० जनालाई अपांगता कार्ड वितरण भएको छ। लघु उद्यम शाखाबाट यस आ.व. मा १० जना महिलाहरुलाई १० दिने हातेहोजीयारी पुनर्ताजकि सिप विकास तालिम प्रदान गरिएको छ।

९. यस गाउँपालिकाको दश वर्षे शिक्षा योजना निर्माण भएको छ। यस गाँउपालिका भित्र रहेका २१वटा विद्यालयमा प्रारम्भिक बाल बिकास ८१४, कक्षा १ देखी ५ सम्म १८२०, कक्षा ६ देखी ८ सम्म ९१२ र कक्षा ९ देखी १० सम्मका ४७२ गरी कुल जम्मा ४०१८ जना बिद्यार्थी रहेका छन जस मध्ये बालबिकासमा ८१४, कक्षा १ देखी ५ सम्म १८२० गरी कुल जम्मा २६२४ जनालाई दिवा खाजा वितरण गरिएको छ।

१०. सिमकोट गा.पा.को समुह / सहकारी / उद्यमी व्यवसायी मार्फत रैथाने बाली उत्पादन संकलन, ग्रेडिङ, प्याकेजिङ, लेबलिंग, ढुवानी र बिक्रि वितरणमा सहयोग कार्यक्रम संचालन रैथाने बाली संकलनका लागि प्रस्तावना आव्हान गरी कृषकहरुबाट सोझै तथा समूह/ सहकारी र उद्यमी व्यवसायी मार्फत खरिद कार्य प्रारम्भ गरिएको छ। जस अन्तर्गत ३० क्वन्टल फापर, १२ क्विन्टल सिमि, २५ क्विन्टल उवा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. लाई हस्तान्तरण गरि सकिएको छ। वडा नं ३,४ र ७ मा स्याउ/ओखर पकेट क्षेत्र निर्धारण गरिएको छ। त्यसैगरी ५६ जना किसान लाभान्वित हुने गरी च्याउ खेती विस्तार र १२० जना किसानलाई तरकारी बिउ विजन वितरण गरिएको छ।

११. यस आ.व. मा ४८० वटा नयाँ व्यवसाय दर्ता भएका छन, घ वर्गको ईजाजत पत्र दर्ता १०२ वटा र ५ वटा संस्थालाई नवीकरण गरी १०७ नवीकरण गरिएको छ। आ.व ०७९।८० मा १०० र यस आ वा मा ५४ गरी १५४ वटा उपभोक्ता समितिहरु दर्ता भएका छन्।

१२. न्यायिक समिति अन्तर्गत यस आ.व. २०८१।८२ मा हाल सम्म नयाँ दर्ता भएका मुद्दा संख्या २३ जसमध्ये मिलापत्र भएका १५, मिलापत्रको प्रक्रियामा रहेका ८ रहेका छन्।

१३. सिमकोट गाउँपालिकामा गर्भवती तथा सुत्केरी अवस्थाको जटीलतालाई समयमा पत्ता लगाउनका लागि ग्रामीण अल्ट्रा साउण्ड कार्यक्रम बस्ती बस्तीमा सञ्चालन, हुम्ला जिल्लाका अन्य गाउँपालिकाको सहकार्यमा एकिकृत घुम्ती शिविरको आयोजना, पाठेघर क्यान्सर, आङ खस्ने, तल्लो पेट दुख्ने, फिस्टुला लगायतका प्रजनन रोग सम्बन्धी घुम्ती स्वास्थ्य शिविर सञ्चालन, खोप सेवाको कभरेज बढाउनका लागि चौरी जुमा खर्कहरुमा घुम्ती खोप शिविर सञ्चालन, विद्यालय किशोरीहरुलाई महिनावारी स्वास्थ्यका लागि आवश्यक सरसफाइका समाग्री

पेन्टी साबुन लगायत वितरण र सिघ्र कुपोषणको पहिचान, उपचार ,व्यवस्थापनका लागि चार वटा स्वास्थ्य चौकीमा बहिरङ्ग उपचार केन्द्र सञ्चालनमा ल्याइएको छ।

१४. १६ जना विपन्न वर्ग तथा दीर्घ रोगीहरुलाई औषधि उपचार खर्च वापत रु २ लाख ४० हजार आर्थिक सहायता गरिएको छ ।

१५. सर्केगाड गाउँपालिका अन्तर्गत उनापानीमा आगलागि पीडितहरुलाई राहत स्वरुप रु ५० हजार रुपैंया बराबरको खाद्यान्न सामाग्री सहायता गरिएको छ ।

** प्राविधिक स्रोत बिना आयोजना गरेको मूल्याङ्कनमा [illegible]*

**सम्मानित गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरु,** *गाउँपालिकाले प्रदेशको प्रथम स्थान (प्रदेशको*

**अब म गाउँपालिकाको समग्र नीति प्रस्तुत गर्न चाहान्छु :** *पाँचौं स्थानमा।*

१. रैथाने बाली, पशुपंक्षी, जडीवुटी लगायतका उत्पादनहरुको व्यवसायीकरण मार्फत सामाजिक आर्थिक रुपान्तरण गरी उन्नतशील र आत्मनिर्भरबाट स्थानीय अर्थतन्त्र निर्माण गरी **आर्थिक समृद्धि हाँसिल गर्ने** नीति लिइने छ ।

२. गाउँपालिकाको एकीकृत र योजनाबद्ध विकासका लागि यातायात गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ । ग्रामिण क्षेत्रको सडक पूर्वाधारलाई उत्पादनमूलक र स्थानीय अर्थतन्त्रसँग जोड्न "**समृद्धीको मुल आधार, सुरक्षित गाउँ सडक विस्तार**"को नारालाई अभियानका रुपमा लिईने छ ।

३. गाउँपालिका क्षेत्रमा द्रुतरुपमा भईरहेको पूर्वाधार विकासलाई मध्यनजर गर्दै "**सुरक्षित आवास र व्यवस्थित निवास**" का लागि भवन निर्माण आचार संहितालाई कडाइका साथ लागु गरिने छ ।

४. सार्वजनिक सेवालाई पारदर्शी, जवाफदेही, दिगो र परिणाममुखी बनाउँदै नागरिकलाई सूचना, सेवा र अवसरमा विभेदरहित पँहुच अभिवृद्धि गर्न अधिकतम रुपमा विद्युतीय सूचना प्रणाली(E-Governance) को नीति अवलम्बन गरिनेछ । साथै, जनप्रतिनिधि र कर्मचारीहरुको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक विषयगत र क्षेत्रगत क्षमताको विश्लेषण मार्फत संस्थागत सुशासन कायम गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

५. गाउँपालिका क्षेत्रलाई पर्यटन प्रवर्द्धनका लागि नगरलाई स्वच्छ, स्वस्थ र सफा गाउँपालिकाको रुपमा स्थापित गर्ने कार्यलाई उच्च प्राथमिकता दिईने छ । गाउँपालिकाको फोहोर व्यवस्थापनका लागि **डम्पीङ साईटको** अधिकतम प्रयोग गरिने छ ।

६. गाउँपालिका क्षेत्रमा बसोवास गर्ने सबै नागरिकको आधारभूत स्वास्थ्य र शिक्षामा सहज पहुँच स्थापना गर्दै सामाजिक आर्थिक रुपले वञ्चितिकरणमा परेकालाई **सहायता, संरक्षण र उद्धार** गरी मुल प्रवाहीकरण गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

७. गाउँपालिका स्तरमा **विपद व्यवस्थापन कोष** लाई प्रभावकारी रुपमा अगाडि बढाउने कार्यलाई निरन्तरता दिईने छ । साथै, सम्भावित जोखिम क्षेत्रमा विपद्जोखिम न्युनीकरणका लागि विपद पूर्व सूचना प्रणाली स्थापनाका गर्न संघ र प्रदेश सरकारसँग थप समन्वय र सहकार्य गरिने छ ।

८. स्थानीय विकासका लक्ष्य हाँसिल गर्न स्थानीय पूर्वाधार सहयोग कार्यक्रम लगायत अन्य कार्यक्रमसँग समन्वय, सहकार्य र साझेदारीको अवधारणा मार्फत स्थानीय विकास निर्माण प्रक्रियामा **सहलगानी (Co-Finance)**

को नीति अवलम्बन गरिनुका साथै स्थानीय पूर्वाधार विकास प्रक्रियामा सुधारिएको विधि (Improvement Modality) अवलम्वन गरिने छ। साथै, आयोजनामा कार्यरत कामदारको बिमा, अनिवार्य सुरक्षा सामाग्रीको व्यवस्था र कार्य सञ्चालन पूर्व अभिमुखीकरण गर्ने व्यवस्था मिलाईने छ।

९. पालिका बाट कार्यान्वयन हुने सम्पूर्ण भौतिक आयोजनाहरुको व्यवस्थापकिय खर्चको व्यवस्था मिलाईने छ।

उपस्थित महानुभावहरु,

**अब म माथि उल्लेखित समग्र नीतिहरु हाँसिल गर्न यस सिमकोट गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को लागि उपक्षेत्रगत कार्य नीति प्रस्तुत गर्न अनुमति चाहान्छु।**

**क) आर्थिक विकास**

**कृषि खाद्य सुरक्षा तर्फ,**

१०. रैथाने बाली चिनो, फापर, कागुनो सिमी, आलु, ओखर र स्याउको संरक्षण प्रवर्द्धन गर्दै अर्गानिक उत्पादनलाई प्रोत्साहन, संकलन, भण्डार, औद्योगिकरण र बजारीकरण गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिईने छ।साथै, स्थानीय उत्पादनमा विषाधीको प्रयोगमा निषेध गर्दै सम्भावित उत्पादन पकेट क्षेत्र पहिचान गरी कार्यान्वयनमा ल्याइने छ। साथै, रैथाने बाली उत्पादनका लागी सामुहिक खेती गर्ने कृषकहरुलाई र रैथाने बालीबाट परिकारहरु बनाई विक्री वितरण गर्नै होटल व्यवसायी, र होमस्टे संचालकहरुलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने नीति लिईने छ।

११. **एक गाउँ एक विशेष उत्पादन** अन्तर्गत पकेट क्षेत्र विकास मार्फत व्यवसायिक उत्पादन गर्न कृषक, कृषक समूह वा सहकारी र निजी क्षेत्र परिचालन गरिने छ। साथै, जैविक कृषि उत्पादन क्षेत्र घोषणा गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकीय क्षेत्रको नमुना गन्तव्य बनाईने छ।

१२. स्थानीय उत्पादनको प्रवर्द्धन,उपभोग गर्न संकलन केन्द्र र भण्डारण कक्षको व्यवस्थापन गरी स्थानीय उत्पादनको सहज उपलब्धता गरिनुका साथै बाह्य उत्पादनलाई प्रतिस्थापन गर्न स्थानीय हाट बजार केन्द्र सञ्चालनमा ल्याई बजारीकरणको प्रबन्ध मिलाईने छ।

**पशु पन्छी विकास तर्फ**

१३. उन्नत जातको पशुपालनका लागि पशुपालन विकास कार्यक्रम (**पशु नश्ल सुधार तथा कृतिम गर्भाधारण**) जोड दिंदै बाख्रा, भेडा पालन, मौरी पालन, याक पालन व्यवसायलाई प्रोत्साहन गर्ने कार्यलाई उच्च प्राथमिकता दिईने छ।

१४. पशु पन्छी उपचारमा कृषकहरुको पहुँच बढाउन आवश्यकताका आधारमा पशु सेवा प्राविधिकको व्यवस्था गरी पशु पन्छी उपचार सेवालाई विस्तार गरिनेछ। साथै, दुध, मासु र अण्डामा आत्मनिर्भर हुन पशु पन्छी व्यवसायलाई प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

१५. पशुजन्य खाद्य पदार्थको गुणस्तरीय उत्पादन र बजारीकरण गर्ने कार्यलाई उच्च प्राथमिकता दिईने छ ।

१६. नागरिकको स्वास्थ्य र हित कायम राख्न मासु तथा मासुबाट बन्ने खाद्य पदार्थमा मिसावट रोक्न र मासुमा हुने स्वस्थता तथा मासुको स्वाभाविक गुण बिग्रन नदिई उपयुक्त स्तर कायम राख्नको लागि **पशु पन्छीको मासु जाँच** गर्ने नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याईने छ ।

१७. पशुपालक कृषकको आयवृद्धिका लागि खर्क सुधार तथा व्यवस्थापन गर्न जोड दिईने छ ।

**सिंचाई तर्फः**

१८. गाउँपालिका भित्रका कृषि योग्य जमिन उत्पादकत्व वृद्धिका लागि सिंचाईको व्यवस्था मिलाईने छ ।

**पर्यटन विकास तर्फः**

१९. पर्यटनको प्रतिफल ग्रामीण जनस्तरसम्म पुऱ्याई गरिबी न्यूनीकरणमा सघाउन पर्या-पर्यटन, कृषि,पर्यटन तथा ग्रामीण पर्यटन विकासका लागि सामुदायिक एवं **निजी घर आवास (होमस्टे)** को स्तरवृद्धि लगायतका प्रवर्द्धनात्मक कार्यलाई थप प्रभावकारी बनाईने छ ।

२०. पर्यटकीय गन्तव्यको रुपमा रहेको मानसरोवर कैलाश दर्शनमा आउने पर्यटकहरुको ट्रान्जिट स्थल सिमकोट गाँउपालिका रहेको हुँदा आगन्तुक पर्यटकहरुलाई स्थानीय कला संस्कृति र पर्यटन क्षेत्रको ज्ञान, जानकारी लिन पर्यटन सूचना केन्द्रलाई व्यवस्थापन गरिने छ ।

२१. पर्यटन प्रवर्द्धन र प्रभावकारी व्यवस्थापनका लागि अन्तर स्थानीय तह समन्वय, सहकार्य र साझेदारीको नीति लिई प्रर्यटन क्षेत्रलाई व्यवसायीक रोजगारीसंग जोड्न विशेष पहल गरिने छ । सो को लागि यस गाउँपालिकामा रहेका पञ्चमुखी, रलिङ गुम्बा, चाङ्ला हिमाल, रामपालमाडु, कालशिल्तामाडु, चोखेचौर, शिवमन्दिर लाई आन्तरिक पर्यटन गन्तव्यका रुपमा प्रवर्द्धन गरिने छ भने स्थानीय चाड, पर्वहरुलाई प्रोत्साहन गरिने छ ।

**उद्योग तथा वाणिज्य :**

२२. स्थानीय स्रोत एवं सीपको उपयोग गरी लघु, घरेलु, साना, उद्योगको स्थापना र सञ्चालनलाई प्रवर्द्धन गर्दै कानुन बमोजिम घरेलु तथा साना उद्योगको दर्ता तथा नविकरण स्थानीय तहबाट गर्ने व्यवस्थालाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

**सहकारी तथा गरिबी निवारण तर्फ**

२३. सहकारीहरुलाई उत्पादनशील बनाउदै गरिबी निवारण गर्ने उद्देश्यले सबै प्रकारका सहकारीहरुलाई उत्पादन तथा स्वरोजगारका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिने छ।

२४. गाउँपालिका क्षेत्रभित्र रहेका सबै सहकारी संस्थाहरुको व्यवसायिक कारोबारलाई स्थानीय तहमा दर्ता तथा नविकरण गर्ने व्यवस्था मिलाईने छ।

२५ सिमकोट गाउँपालिका भित्र रहेका बेरोजगार नागरिकहरुलाई मर्यादित काम, सामजिक सुरक्षा र आर्दश श्रमको सम्मान गर्न सुचीकृत बेरोजगार सङ्ख्या ४६९६ जना मध्ये २५० जनालाई कम्तीमा १०० दिन बराबरको रोजगारी उपलब्ध गराईने छ।

२६ सिमकोट गाउँपालिकाको रोजगार रणनीति कार्यान्वयनमा ल्याउनुका साथै रोजगारको उचित व्यवस्थापनमा विपन्न परिवार, लक्षित समुदायका व्यक्ति, बेरोजगार रहेका युवा, बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुका लागि रोजगार सृजना हुन सक्ने क्षेत्रहरुको पहिचान मार्फत सेवाको विशिष्टीकरण गरि हस्तकला, प्लम्बिङ, बिजुलि मर्मत, इलेक्ट्रोनिक्स, कुक, कालिगड, सिकर्मी, सिलाई कटाई, डकर्मि, ब्युटिसियन, कपाल कटाई, ड्राइभिङ्ग लगायतका क्षेत्रमा सीप विकासका लागि तालिम प्रदान गर्ने व्यवस्था मिलाईने छ।

२७ संघीय सरकारको राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम र प्रदेश सरकारको मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त अनुदानलाई विकास निर्माणका योजना कार्यान्यिवनमा ल्याइने छ। साथै, स्थानीय सरकारका विकास निर्माणका योजनाहरुमा लागत साझेदारीका माध्यमबाट विकास निर्माणका योजना सञ्चालन गर्ने कार्यलाई प्रभावकारी बनाईने छ।

**उपस्थित महानुभावहरु,**

**अब म सामाजिक विकास तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु ,**

**सामाजिक विकास**

**शिक्षा, युवा तथा खेलकुद तर्फः**

२८ सिमकोट गाँउपालिकाभित्र रहेका विद्यालयहरुको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरीय शिक्षाको प्रवर्द्धन र विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहन गर्न एस.इ.ई.मा **उत्कृष्ट विद्यार्थीहरुलाई सम्मान** तथा प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिईने छ।

२९. आधारभूत शिक्षा परीक्षा कक्षा ८ को बार्षिक परीक्षामा उत्कृत्ट जि पि ए ल्याउने विधार्थी र विद्यालयलाई पुरस्कारको वयवस्था गरिने छ।

३०. गाँउपालिका क्षेत्रभित्र रहेका विद्यालयहरुबाट गरिब,विपन्न,सहीद परिवार, अपाङ्ग,महिला,दलित, सीमान्तकृत वर्गका छात्र छात्रा तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा, प्राविधिक शिक्षा र एम. वि.वि.एस. अध्ययनमा प्रोत्साहित गर्न **उच्च शिक्षा छात्रवृत्ति कोषलाई** निरन्तरता दिईने छ। साथै, दलित विद्यार्थीहरुलाई एस.ई.ई

परीक्षाको पूर्वतयारीका लागि ट्युसन फिस उपलब्ध गराउने व्यवस्था मिलाईने छ । संस्थागत विद्यालयहरुको छात्रवृत्ति, अध्ययन कोठालाई गाउँपालिकाले व्यवस्था गरिनुका साथै माध्यमिक विद्यालयहरुमा प्रविधिमैत्री शिक्षाको व्यवस्था गरिने छ ।

३१. जिल्ला सदरमुकाम सिमकोट स्थित मानसरोवर बहुमुखि क्याम्पसको शैक्षिक क्षेत्र सुधार तथा व्यवस्थापनका लागि दिईदै आएको शैक्षिक अनुदानलाई निरन्तरता दिईने छ ।

३२. गाउँपालिका क्षेत्रभित्रका बालविकास केन्द्र अध्यापन गर्दै आएका सहजकर्ताहरुलाई बालशिक्षामा खेल्दै सिक्दै अभियान सञ्चालन गर्न तालिमको व्यवस्था मिलाईने छ ।

३३. राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्ष कपलाई थप व्यवस्थित गरिनेछ । साथै अन्य खेलहरु सञ्चालानको निम्ति प्रोत्साहन गरिने छ ।

३४. विद्यालयमा कार्यरत विद्यालय कर्मचारीहरुलाई प्रोत्साहित गर्न पारिश्रमिकमा केहि रकम वृद्धि गरिने छ ।

३५. **शिक्षासँगै सीप** भन्ने अभियानका साथ आधारभूत तहमा अध्ययन गर्ने विद्यार्थीको लागि हाम्रो सिमकोटको **पाठ्यपुस्तक निर्माण तथा छपाई** गरी कक्षाकोठमा कार्यान्वयन गरिने छ ।

३६. गाउँपालिकाको **शैक्षिक पात्रो** निर्माण गरी उक्त पात्रोमा भएका गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलापहरु प्रभावकारी रुपमा विद्यालयमा कार्यान्वयन गरिने छ ।

३७. यस गाउँपालिका भित्रका बालविकास केन्द्रका सहजकर्ताहरुलाई **प्रारम्भिक बालविकास सिकाई मापडण्ढ सम्बन्धी क्षमता विकास** तालिमको व्यवस्था गरिने छ ।

३८. गाउँपालिका भित्र सञ्चालित अधिकांश विद्यालयहरुमा स्थानीय शिक्षकहरुको बाहुल्यता रहेको र अध्ययन अध्यापनमा नियमितता नभएको जन गुनासो पटक पटक आइरहने गरेकोले हरेक २/२ वर्षका लागि गाउँपालिका भित्र अन्तर विद्यालयगत रुपमा सरुवा गर्ने,सरुवा गर्दा शिक्षकको योग्यता र विषय समेतलाई ध्यान दिई दरबन्दी मिलान गरिनेछ। दरबन्दी मिलान कार्य शैक्षिक सत्र सुरु हुनु भन्दा एक महिना अगाडि मिलान गरिनेछ। शिक्षकको काम प्रतिको बफादारी,अनुशासन र नियमितताको अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

३९. गाउँपालिकाबाट विद्यालयलाई दिईदै आएको आधारभुत तह कक्षा ६ देखि ८ र माध्यमिक तह कक्षा ९ देखि १२ सम्मलाई शिक्षण सिकाई अनुदानलाई निरन्तरता दिईने छ ।

## स्वास्थ्य तथा पोषण

४०. **"स्वस्थ गाउँपालिका, समृद्ध जनता:आधारभुत स्वास्थ्य हाम्रो प्रतिबद्धता"** नारालाई आत्मसाथ गर्दै सर्वव्यापी पहुँचको अवधारण अनुसार द्वन्द्व पीडित एकल महिला, जेष्ठ नागरिक, अपांगता, गर्भवती महिला र दिर्घरोगीहरुलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गर्ने कार्यलाई थप प्रभावकारी बनाईने छ ।

४१. **अध्यक्ष उपाध्यक्ष ल्याउदैछन कोसेली, गर्भवती सुत्केरीको हातहातमा पोषण थैली** कार्यक्रम मार्फत गर्भवती र सुत्केरी महिलालाई प्रोत्साहन गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

४२. स्वास्थ्य क्षेत्र सुधारका लागि सिमकोट गाउँपालिका भित्रका गर्भवती महिलाहरुलाई निःशुल्क र अन्य बिरामीहरुलाई सहुलियत दरमा एम्बुलेन्स सेवा प्रदान गरिने छ ।

**महिला बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ**

४३. विपन्न तथा पछाडि परेका महिलाहरुलाई महिला विकास कार्यक्रम मार्फत महिला समुह तथा समितिहरुको सुदृढिकरण गर्न सामाजिक परिचालनको माध्यमबाट महिला सञ्जालका सदस्यहरुलाइ जीविकोपार्जन प्रवर्द्धन, बचत तथा सीपमूलक र  नेतृत्व विकासमा क्षमता अभिवृद्धि गर्दै समितिको संस्थागत विकास गर्ने नीति लिइने छ ।

नेपाल सरकारले प्रतिबद्धता गरेको दिगो विकास लक्ष्य हाँसिलमा टेवा पुऱ्याउनका साथै बालबालिकाको सर्वाङ्गीण विकासका लागि सिमकोट गाउँपालिकामा बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन कार्यलाई निरन्तरता दिईने छ ।

४४. लैंगिक हिंसा विरुद्धको शुन्य सहनशीलताको नीति अवलम्बन गरिने छ । लैगिंक समानता र सामाजिक समावेशीकरण रणनीतिको अद्यावधिक गरी कार्यानवयनमा ल्याईने छ । गाँउपालिकाको नीति, कार्यक्रम र बजेटको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्न वार्षिक रुपमा व्यवस्था मिलाईने छ । समाजमा पछाडी परेका वर्ग समुदायको विकासमा मुलप्रवाहीकरणका लागी क्षमता विकासका कार्यक्रम र सशक्तिकरण गरी मुलप्रवाहीकरण गरिने छ ।

४५. सिमकोट गाउँपालिका क्षेत्रमा, आय आर्जन, सिप विकास र मार्फत गाउँपालिकामा उत्कृष्ट पेशा, व्यवसाय गरी स्वरोजगार बन्न नमुना कार्य गर्ने उद्यमी महिलालाई थप प्रोत्साहन र सशक्तिकरण गर्न **उपाध्यक्ष महिला उद्यमी सम्मान** कार्यक्रमको सुरुवात गरिने छ ।

**सामुदायिक विकास, खानेपानी तथा सरसफाई तर्फः**

४६. सुन्दर, सफा र स्वच्छ सिमकोट अभियानलाई सार्थक बनाउनका लागि स्वच्छ र सफाघर आँगन कार्यक्रम सञ्चालन मार्फत पूर्ण सरसफाई उन्मुख गराईने छ ।

४७. **एक घर एक धाराको** नीतिलाई अवलम्बन गरी स्वच्छ र गुणस्तरीय खानेपानीमा सहज पहुँच विस्तार गरी खानेपानीमा सहज पहुँच विस्तार गर्ने नीति लिईने छ ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फः**

४८. अनलाईन प्रणालीबाट कार्यसम्पादन गर्नस्थानीय पञ्जिकाधकारीहरु र सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाका कर्मचारीहरुलाई सो सम्बन्धिको पुनर्ताजगी तालिम र बायोम्याट्रिक भेरीफिकेशन डिभाईस जडान  गरी अझै गुणस्तरीय सेवा प्रवाह गरिने छ।

४९. नागरिकहरुलाई सहज नागरिकता उपलब्ध गराउनका लागि अनलाइन फारम भर्ने व्यवस्थालाई सहज गराईने व्यवस्था मिलाईने छ ।

उपस्थित महानुभावहरु,

**अब म पूर्वाधार विकास तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु।**

**(ग) पूर्वाधार विकास**

**सडक तथा पुलः**

५०. सिमकोट गाउँपालिकामा भौतिक पूर्वाधार विकासलाई प्रभावकारी बनाउन भौतिक पूर्वाधार प्रोफाईल तयार गरिने छ । आयोजनाको छनौट गर्दा नेचरवेस आयोजनालाई उच्च प्राथमिकता दिईने छ । साथै पूर्वाधार विकास सेवालाई थप प्रभावकारी बनाउन कर्मचारीहरुको सिप विकासमा आवश्यता पहिचान गरी क्षेत्रगत रुपमा क्षमता विकास गरिने छ ।

५१. सिमकोट गाउँपालिको **यातायात गुरुयोजना** (Municipal Transport Master Plan-MTMP) निर्माण गरी कार्यान्वयनमा ल्याईने छ । सो अनुसार प्राथमिकरण गरिएका सडकहरुको विस्तार एवं स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अगाडी बढाईने छ । साथै, निर्माण भएका सडकहरुको लगत कट्टा गरी व्यवस्थित गरिने छ ।

५२. पूर्वाधार विकासका आयोजना सञ्चालन गर्दा लागत लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समता मूलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहीकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरुको पहिचान गरी आयोजना बैंक तयार गर्ने र सो बैंकमा समावेश आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिईने छ ।

५३. गाँउपालिका क्षेत्रभित्र आवश्यक ठाँउहरुमा साना पक्की पुल तथा झोलुङे पुल निर्माणमा विशेष ध्यान दिईने छ । साथै ठुला तथा मोटरेवल पक्की पुल निर्माणका लागि सम्बन्धित निकायहरु सँग विशेष जोड दिईने छ ।

५४ सिमकोट गाँउपालिकामा सञ्चालित सबै सडक नियमित सञ्चालनमा ल्याईने छ । साथै, यातायातका सवारी साधनहरुलाई व्यवस्थापन गर्न सिमकोट क्षेत्रमा निर्माणाधिन रहेको **मिनी बसपार्कलाई** थप व्यवस्थापन गर्न पहल गरिने छ ।

५५. सिमकोट गाउँपालिका क्षेत्रभित्रका सडक,भवन लगायतका पूर्वाधारहरुको नियमित मर्मत सम्भार तथा स्तरोन्नति गर्न गाउँपालिकामा एक मर्मत सम्भार कोषलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

५६ सिमकोट गाउँपालिका क्षेत्र भित्रका बाटो, सिंचाई कुलो,नहर, पुल, सार्वजनिक भवन लगायतका पूर्वाधारहरुको लगत सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS-V2) मा राखिने छ र पूर्वाधारहरुको नियमित मर्मत सम्भार तथा स्तरोन्नति गर्न गाउँपालिकामा रहेको मर्मत सम्भार कोषको व्यवस्थापन उच्चतम तवर गरिने छ ।

५७ सिमकोट गाउँपालिकाको यातायात गुरुयोजना Municipal Transport Master Plan(MTMP) निर्माण गरी कार्यान्वयनमा ल्याईने छ । सो अनुसार प्राथमिकीकरण गरिएका सडकहरुको विस्तार एवं स्तोन्नति गर्ने कार्यलाई उच्च प्रथामिकताका साथ अगाडी बढाईने छ । साथै, निर्माण भएका सडकहरुको लगत कट्टा गरी व्यवस्थित गरिने छ ।

**भवन तथा सहरी विकास**

५८. नागरिकको सुरक्षित आवास र व्यवस्थित निवासका लागी बस्ति विकास, सहरी योजना र भवन निर्माणका लागी **नक्सा पास कार्यविधि र भवन निर्माण मापदण्डलाई** कार्यान्वयनमा ल्याईने छ ।

५९. गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्न वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु, विद्यालयका भवन निर्माण गराउन आवश्यकता अनुसार उच्च प्राथमिकता दिईनुका साथै भवन निर्माण आचार संहिता मापदण्ड अनुसार भवन निर्माण गर्न पहल गरिने छ ।

**सुचना तथा सञ्चार प्रविधि तर्फ**

६०. सूचना सञ्चार र प्रविधिमा सबै स्थानीय वासीहरुको पहुँच पुर्याउन विकास सँग सञ्चार, सञ्चार सँगै विकासको अवधारणा आत्मसाथ गर्दै प्रभावकारी दूरसञ्चार सेवाको मार्फत सबै वडा कार्यालय सम्म वाईफाई नेटको जडान गरिनुका साथै फाईवर टु होमलाई जोड दिईने छ । साथै सेवालाई सूचना प्रविधि मैत्री सेवा प्रवाह गर्न पहल गरिने छ ।

**उपस्थित महानुभावहरु,**

**अब म वन,वातावरण र भुसंरक्षण तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु ।**

**वन, वातावरण तथा विपद व्यवस्थापन**

**वन, वातावरण तथा भुसंरक्षण:**

६१. गाउँपालिका क्षेत्रभित्र सम्भाव्यताका आधारमा जडीवुटी खेती प्रवर्द्धन र गैरकाष्ट वन पैदावारको सदुपयोग गरी वन क्षेत्रलाई जीविकोपार्जनसँग जोडिनुका साथै वन समितिलाई गाउँपालिकामा अनिवार्य रुपमा दर्ता गराउन पहल गरिने छ ।

६२. हरित पुर्नलाभ तथा समावेशी विकास पद्धति (GRID Approach) को पूर्ण अवलम्वन गरी पूर्वाधार विकासका आयोजनाहरु जलवायु उत्थानशिल, श्रम केन्द्रित, नतिजामुखि र दीगो रुपमा विकास गर्ने नीतिलाई उच्च प्राथमिकताका साथ अवलम्वन गरिने छ ।

६३. स्थानीय पूर्वाधार विकास आयोजनाहरुको कार्यान्वयन गर्दा सम्भावित वातावरणीय जोखिम तथा प्रभावको अध्ययन गरिने छ । कम तथा मध्यम जोखिम भएको योजनाको कार्यान्वयन गर्दा जोखिम न्यूनिकरण उपायहरुको अवलम्वन गरी कार्यान्वयन गरिने छ भने उच्च जोखिम भएका योजनाहरु कार्यान्वयन गरिने छैन । सामान्यतया स्थानीय पूर्वाधारका गतिविधिहरुको कार्यान्वयन गर्दा वायो ईन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरी गरिने छ । तर ठूला गौरवका आयोजनाहरुको लागि प्रारम्भिक वातावरणिय मूल्यांकन (IEA) तथा वातावरणिय प्रभाव मूल्यांकन (EIA) गरी गरिने छ ।

**जोखिम न्युनीकरण तथा विपद व्यवस्थापनः**

६४. सिमकोट गाउँपालिकामा **विपद व्यवस्थापन कोषलाई थप प्रभावकारी बनाईने छ।**

६५. मानवीय र प्राकृतिक विपत्तिका कारणले हुने आकस्मिक घटनालाई तत्काल उद्धार गर्न **आकस्मिक प्रति कार्यटोली तयार** गरी निजको क्षमता विकास गरिने छ।

६६. सिमकोट गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने कुनै पनि नागरिकको मृत्यु भएमा अन्तिम संस्कार व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।

**उपस्थित महानुभावहरु,**

**अब म सुशासन तथा संस्थागत विकास तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु।**

**ङ) सुशासन तथा संस्थागत विकास तर्फ**

**संस्थागत क्षमता तथा मानव संसाधन विकास तर्फ**

६७. यस गाउँपालिकाबाट प्रवाह हुने सेवा सुविधा प्रति नागरिकको सेवा प्रतिको सन्तुष्टि मापन गर्ने अभ्यास गरिने छ। साथै गाउँपालिका सँग सम्बन्धित गुनासोहरुलाई सम्बोधन गर्न गुनासो संकलन,सुनुवाई र सम्बोधन गर्ने कार्यलाई व्यवस्थित गरिने छ।

६८. सिमकोट गाउँपालिकाको संस्थागत स्वमुल्यांकन, FRA र LED का आधारमा राम्रा अभ्यासहरुको निरन्तरता दिँदै आवश्यक क्षेत्रमा निर्वाचित जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिमहरु तथा अभिमुखीकरण कार्यक्रम र प्रशासनिक कार्यको अनुभव आदान प्रदान गर्न अवलोकन भ्रमणलाई प्रोत्साहन गरिने छ।

६९. गाउँपालिकाको संस्थागत सुशासन र मानव संसाधन विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिईने छ।

७०. विकास निर्माण कार्यमा गुणस्तर कायम गर्न दक्ष जनशक्ति, स्थानीय श्रमिकको सहभागीता तथा अनुगमन र मुल्यांकन प्रणलीलाई थप प्रभावकारी बनाईने छ। नतिजामुलक अनुगमनका लागी वडास्तरिय अनुगमन तथा सुपरिवेक्षण समितिको दक्षता अभिवृद्धिका लागि अभिमुखीकरण कार्यक्रम सन्चालन गरिने छ।

**कानुनी मामिला तथा न्यायिक तर्फ**

७१. अद्यावधिक मेलमिलापकर्ताहरुको क्षमता विकास, मेलमिलाप कार्यलाई प्रोत्साहन गर्दै मेलमिलापको माध्यमबाट विवादहरु मिलाउन **वडास्तरमा स्थापित मेलमिलाप केन्द्रहरुलाई थप सुदृढ** गरी मेलमिलाप कार्यलाई प्रभावकारी बनाइनेछ।

७२. नेपालको संविधानको धारा २१७ बाट प्रदत्त स्थानीय तहको न्यायिक अधिकार अन्तर्गत सिमकोट गाउँपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र, पारदर्शि, पहुँचयोग्य, सक्षम एवं विश्वसनीय बनाइने छ।

**राजश्व परिचालन, वित्तीय अनुशासन र वित्तीय जोखिम न्युनीकरण तर्फ**

७३. राजश्व परामर्श समितिलाई क्रियाशिल बनाउनका लागि क्षमता विकास गरिनेछ। साथै गाउँपालिकाको **राजश्व सुधार योजना** अनुसार घरदैलोबाट कर उठाउन राजश्व परिचालन कार्य दल गठन गरिने छ । गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्न कर करले होईन रहरले तिर्ने बानीको विकास गर्न आवस्यक प्रोत्साहन गराउनुका साथै अभिप्रेरित गर्न सचेतना प्रवाह गरिने छ ।

७४. स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी व्यवस्थाको पूर्ण रुपमा पालना गर्दै आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरि कार्यान्वयनमा ल्याईने छ । करका दायरा फराकिलो गरी न्युनतम करको दरबाट बढी राजश्व संकलन गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

७५. सम्पति कर, मालपोत कर तथा भूमि करलाई समय सापेक्ष बनाउदै वडा स्तरबाटै राजश्व संकलन कार्यलाई थप प्रभावकारी बनाईने छ । साथै करदाताले सहज कर तिर्न सक्ने अनलाईन भुक्तानी प्रणाली (**Online Payment System** लाई निरन्तरता दिईने छ ।

७६. प्राकृतिक श्रोत तथा खनिजजन्य सामग्रीको बिक्री दर निर्धारण गरी गाउँपालिका क्षेत्रभित्र पर्ने नदी तथा सार्वजनिक स्थलबाट बालुवा, ग्राभेल, माटो र ढुंगा उठाउने कार्यलाई दिगो वातावरणमैत्री बनाउँदै राजश्व परिचालनको प्रमुख आधारको रुपमा विकास गरिने छ र EIA र IEE निर्माण गरिने छ ।

७७. राजश्व संकलनलाई प्रभावकारी बनाईने छ । भविष्यमा अनुदानमा आधारित बजेटको श्रोतलाई राजश्व वृद्धि बढोत्तरीले प्रतिस्थापन गर्ने नीति लिईने छ । साथै, गाउँपालिकाको बेरुजुलाई घटाँउदै **शुन्य बेरुजु अभियान सञ्चालन** गरिने छ।

**आन्तरिक लेखा परीक्षण, आन्तरिक व्यवस्थापन,खरिद र उपभोक्ता हित संरक्षण:**

७८. उपभोक्ता हित संरक्षण र प्रवर्द्धनको लागि उपभोक्ता र विभिन्न पेशा व्यवसायीहरुलाई उपभोक्ता हित सम्बन्धी ऐन, कर शिक्षा सम्बन्धी कानूनका विषयमा जानकारी तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण विषयका विशेषज्ञ सहित महिनाको एक पटक बजार अनुगमनलाई निरन्तरता दिइने छ ।

**अन्त्यमा,**

उल्लिखित नीति, कार्यक्रममा सामान्य भाषिक एवं शाव्दिक त्रुटिहरु हुन सक्छन। यसको लागि सम्मानित गाउँ सभा समक्ष क्षमा याचना गर्दै यदि त्यसो हुन गएमा सच्याउनका लागि सम्मानित गाउँ सभा समक्ष सादर अनुमति मागेको छु । साथै गाउँपालिकाले पेश गरेका आ.व. ०८२।०८३ का नीति, कार्यक्रम स्वीकृतिको लागि पेस गरेको छु।

**सम्मानित गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

१.नेपालको संविधान र प्रचलित कानून बमोजिम मैले सम्मानित कार्यपालिकाको सर्वसम्मत निर्णयबाट उल्लिखित आगामी आ.व.२०८२/०८३ का लागि नीति, कार्यक्रम तथा बजेट तय गरी यस सम्मानित गाउँ सभा समक्ष प्रस्तुत गरेकोछु । कार्यक्रम अनुसार बजेट तय गरेको छु । कार्यक्रम तयार गर्दा उल्लिखित नीतिहरुलाई मूल आधारको रुपमा लिएको छु ।

२. नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा संघीय सरकार, प्रदेश सरकार, नागरिक समाजका प्रतिनिधिबाट प्राप्त सुझाव,सहयोग तथा प्रेरणा प्रति आभार प्रकट गर्दछु । हामीले गरेको आग्रहलाई स्वीकार गरी छलफलमा उपस्थित भई उल्लिखित सुझाव दिनु हुने गाउँ कार्यपालिकाका सदस्य ज्यूहरू, विभिन्न विषयगत समितिका संयोजक तथा सदस्य ज्यूहरु लगायत विभिन्न क्षेत्रमा विज्ञता प्राप्त व्यक्तित्व महानुभावहरु, राजनितिक दलका प्रमुख एवं प्रतिनिधिहरु, जिल्ला स्थित सरोकारवालाहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । बजेटका सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरी प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सुझाव दिनु हुने गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी मित्रहरु,विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, करदाता, उद्यमी, व्यापारी व्यवसायी, समाजसेवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवाहरु, पत्रकार मित्रहरु, यस गाउँपालिकालाई सहयोग पुऱ्याउने अन्तर्राष्ट्रिय गैसस र गैससहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

३ हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरु प्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावहरुलाई मार्गदर्शनको रूपमा लिएर सिमकोट गाउँपालिका अगाडि बढ्ने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा सबैको सहयोग निरन्तर रहने अपेक्षा गरेको छु ।

विजय भण्डारी
अध्यक्ष